

**विकास रौनियार**

फोटो पत्रकार **विकास रौनियार**ले त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक गर्नुभएको छ । हाल कान्तिपुर पब्लिकेसन्स्मा सहायक फोटो सम्पादकका रूपमा कार्यरत रौनियारले सन् १९९२ देखि फोटो पत्रकारिता गर्दै आउनुभएको हो । उहाँले खिचेका धेरै तस्बिरहरू कान्तिपुर पब्लिकेसन्स्का प्रकाशनहरूका अलावा नेपाल र बाहिरका अरू विभिन्न पत्रपत्रिकामा समेत प्रकाशित छन् । नेपाल राष्ट्रिय फोटो पत्रकार समूहका अध्यक्षका रूपमा रौनियार क्रियाशील हुनुहुन्छ । उहाँले फोटो पत्रकारिताको क्षेत्रमा विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान पनि प्राप्त गर्नु भएको छ । यसका साथै रौनियारले विभिन्न कलेज र तालिम संस्थाहरूमा फोटो पत्रकारिता अध्यापन पनि गरिरहनुभएको छ ।

**पत्रपत्रिकामा आउने फोटोले समाचार सम्प्रेषणमा कस्तो भूमिका खेल्छ ? यसले समाचारलाई थप पुष्टि गर्ने हो कि यो आफैं समाचार हो ?**
पत्रपत्रिकामा आउने फोटोहरूले समाचार सम्प्रेषणमा निकै नै महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । समाचारको तुलनामा फोटोहरू अझ बढी विश्वसनीय, पूर्वाग्रहरहित हुनुका साथै आफैँले प्रमाण पनि बोकेका हुन्छन् । तसर्थ समाचारको साथमा फोटोलाई पनि पाठक समक्ष पुऱ्याउँदा समाचारको विश्वसनीयता झन् बढ्छ । कतिपय अवस्थामा एउटा राम्रो समाचारमूलक तस्बिर र क्याप्सन सम्पूर्ण समाचार नै पनि बन्न जान्छ ।

**सम्पादकले फोटोलाई कत्तिको प्राथमिकता दिएको पाउनुभएको छ ? फोटो छनोटमा सम्पादक र फोटो पत्रकारको समन्वय कस्तो हुन्छ ?**
अचेल केही वर्षयता सम्पादकहरूले फोटोलाई महत्त्व दिँदै प्राथमिकतामा पार्न थालेका छन् । फोटोको प्रयोग राम्रो ढङ्गले बढी प्रकाशन हुने क्रम बढ्दै गएको छ । अहिलेसम्म धेरैजसो फोटोको निर्णय रात्री डेस्कमा बस्ने सम्पादकले नै गर्ने गरेका छन् । फोटो छनोटमा अन्तिम निर्णय भने मुख्य सम्पादकको नै हुने गरेको छ । केही पत्रपत्रिकामा भने फोटो सम्पादकले नै अन्तिम निर्णय गर्ने प्रक्रिया सुरु भएको छ । केही सम्पादकहरूले फोटो छनोट गर्दा फोटो पत्रकारसँग कहिलेकाहीँ सल्लाह लिने गरेको पनि पाइएको छ ।

**फोटोको क्याप्सन कस्तो हुनुपर्छ ? क्याप्सन कसले लेख्ने हो ? कहिलेकाहीँ पत्रपत्रिकामा सन्दर्भ नमिलेका क्याप्सन पनि फोटोसँग आइरहेका हुन्छन्, किन होला ?**
क्याप्सनले पाठकलाई फोटोको बारेमा सकेसम्म धेरै तथ्यहरू दिनु पर्दछ अर्थात् उक्त फोटो कहाँ, कहिले, कसको र के हो भन्ने जानकारी दिने खालको हुनु पर्दछ । क्याप्सन लेख्ने काम उक्त तस्बिर खिच्ने फोटो पत्रकारको नै हो । फोटो पत्रकारले लेखेको क्याप्सनलाई सम्पादन गर्ने क्रममा सुधारेको पनि पाइएको छ र केही अवस्थामा बिगारेको पनि पाइएको छ ।

सम्पादकहरूले आफ्नो विचार राख्ने, फोटोलाई बढी रोचक र बिकाउ बनाउने प्रयास गर्दा सन्दर्भ नमिलेका क्याप्सनहरू छापिएर आउँछन् । यसले गर्दा फोटो पत्रकारलाई समस्या परिरहेको हुन्छ ।

**तपाईंहरूको कुनै निश्चित 'बीट' छ कि छैन ? तपाईंले खिचेका फोटोहरूमध्ये कस्ता खालका फोटोहरू छापिँदा पाठकहरूबाट धेरै प्रतिक्रिया पाउनुभएको छ ?**

धेरैजसो प्रकाशन संस्थाहरूमा फोटो पत्रकारको सङ्ख्याको कमीले गर्दा उही फोटो पत्रकारले सबै विषय भ्याउनुपर्ने बाध्यता छ। यद्यपि केही वर्षयता केही प्रकाशन संस्थाहरूमा फोटो पत्रकारको सङ्ख्या थप हुन थालेपछि आफ्नो रुचिको विषय वा बीट लिएर त्यसैमा मात्रै फोटो पत्रकारिता गर्ने सकारात्मक चलनको सुरुआत पनि भएको छ। विशेष गरी खेलकूद वा कला बीट लिएर फोटो पत्रकारिता गर्ने कार्य सुरु भएको छ।

मैले खिचेका धेरै फोटोहरू विभिन्न विषयमा विभिन्न पत्रपत्रिकामा छापिएका छन्। दुर्लभ दृश्यहरू वा समाचारलाई निकै प्रभावशाली ढङ्गले प्रस्तुत गर्न सक्षम फोटो पाठकहरूले मन पराउँछन्। भावनाप्रधान, कलात्मक तस्बिरहरूले पनि पाठकको मन छोएको पाएको छु। कहिलेकाहीँ चाहिँ पूर्वाग्रह भएर छापियो भन्ने आक्रोशयुक्त प्रतिक्रिया पनि आउँछ। तर यस्तो नकारात्मक प्रतिक्रिया एकदमै कम पाएको छु।

**फोटोग्राफी र फोटो पत्रकारितामा खास अन्तर के हुन्छ ? अहिले नेपालमा क्रियाशील फोटो पत्रकारहरूमध्ये फोटो पत्रकारिताको सैद्धान्तिक ज्ञान हासिल गरेर आएका धेरै छन् कि गर्दै सिक्दै आएका ?**

फोटोग्राफीमा तस्बिरले दृश्य मात्रै कलात्मकताले भरिपूर्ण हुने गर्छ। तर फोटो पत्रकारितामा तस्बिरले प्रभावशाली तरिकाले समाचार पनि बोकेको हुनुपर्छ। सबै राम्रो फोटो पत्रकार राम्रो फोटोग्राफर हुनै पर्छ तर सबै राम्रा फोटोग्राफर चाहिँ राम्रो फोटो पत्रकार नहुन पनि सक्छन्।

अहिले नेपालमा क्रियाशील फोटो पत्रकारहरूमध्ये अधिकांशले गर्दै सिक्दै आएका हुन्। तर हाल २/३ वर्षयता सैद्धान्तिक, प्राज्ञिक शिक्षा हासिल गरेर फोटोपत्रकारिता गर्ने क्रम पनि सुरु भएको छ।

**राजधानीबाट निस्कने प्रमुख पत्रपत्रिकाले समेत काठमाडौँबाहिर कमै फोटो पत्रकार राखेका छन् र संवाददाताले नै समाचारको साथमा फोटो पनि पठाउने गरेको पाइन्छ। त्यस्तो फोटोको गुणस्तर कस्तो पाउनुभएको छ ?**

यो सही हो कि प्रमुख पत्रपत्रिकाहरूले काठमाडौँबाहिरका जिल्लाहरूमा निकै थोरै फोटो पत्रकारहरू राखेका छन्। र, संवाददाताहरूले नै फोटो पठाउने गर्छन्। गुणस्तरीय क्यामेराको अभावले जिल्लाबाट आउने अधिकांश फोटोहरू

प्राविधिक हिसाबले कमजोर भए पनि तिनले बोक्ने सन्देश महत्त्वपूर्ण हुने गरेको पाइएको छ । त्यस्ता फोटोहरूले समाचारलाई निकै सटिक, चुस्त र प्रामाणिक बनाउने गरेका छन् ।

**दस वर्षअघि र अहिले प्रविधिमा निकै नै सुधार आएको छ । फोटो पत्रकारिताको जगतमा यसले पारेको प्रभाव के हो ? फोटो खिचाइ र छपाइमा कस्तो प्रभाव परेको छ ?**
दस वर्षअघि र अहिलेको प्रविधिमा निकै नै क्रान्तिकारी परिवर्तन आइसकेको छ । पुरानो जमानामा श्यामश्वेत तस्बिरहरूको प्रयोग हुन्थ्यो, जसलाई तयार गर्न मात्रै दुई घण्टाभन्दा बढी लाग्ने गर्दथ्यो । रङ्गीन हुँदै डिजिटल प्रविधि अपनाइसकेपछि कम्प्युटरमार्फत काम गर्न सम्भव भएको छ र फोटो तयार गर्न एकदम छिटो र कम खर्चिलो भएको छ । यसले फोटो पत्रकारिता क्षेत्रमा निकै नै सकारात्मक प्रभाव पारेको छ । डिजिटल क्यामराको उपयोगले तस्बिरहरू एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउन निकै छिटो र सजिलो भएको छ जसले गर्दा फोटोलाई डेडलाइनभित्र सम्पादक समक्ष पुऱ्याउन सकिएको छ । स्थानीय फोटोका लागि स्थानीय फोटो पत्रकारहरूलाई नै प्रयोग गर्ने प्रचलन धेरै बढेको छ । समग्रमा फोटो खिचाइ र छपाइमा गुणात्मक र सङ्ख्यात्मक दुवै हिसाबले धेरै नै प्रगति भएको छ ।

**नेपाली पत्रकारिता जगतमा फोटो पत्रकारको स्थान अन्य पत्रकारभन्दा फरक छ कि उस्तै हो ? फोटो पत्रकारिता मात्रै गरेर जीविकोपार्जन सम्भव छ ?**
पत्रकारिता जगतमा फोटो पत्रकारहरूको स्थान र हैसियत करिब करिब अन्य पत्रकारहरू सरह नै छ । र बिस्तारै फोटो पत्रकारितामात्रै गरेर जीविकोपार्जन हुन सक्ने सम्भावना बढेर गएको छ । तर धेरै हुन बाँकी छ । पारिश्रमिक र सुविधामा सुधार हुन जरुरी त छ नै । विदेशी फोटो पत्रकारसँग तुलना गर्ने हो भने त्यस अनुरूपको इज्जत, हैसियत र सम्मान पाउन नेपाली फोटो पत्रकारले बाँकी नै छ ।

**एउटा फोटो पत्रकारको फोटो अर्कोले आफ्नो नाममा छाप्ने अथवा फोटोको क्रेडिट नै नदिई त्यसको उपयोग गर्ने काम पनि भएको सुनिन्छ । यो कत्तिको ठूलो समस्या हो ? यसलाई नियन्त्रण गर्न के उपाय अपनाउन सकिएला ?**

फोटोको क्रेडिट र पारिश्रमिक नदिएरै त्यसको उपयोग गर्ने काम पहिले धेरै हुने गर्दथ्यो तर हिजोआज यो चलन बिस्तारै घट्दै गएको छ । यो समस्या चाहिँ पक्कै हो । यसको नियन्त्रण गर्न फोटो पत्रकार आफैँ जागरुक हुन धेरै जरुरी छ भने राष्ट्रिय फोटो पत्रकार समूह जस्ता फोटो पत्रकारहरूको संस्थाले यसको रोकथामका लागि चेतनामा अभिवृद्धि गर्नेतर्फ सक्रिय हुनुपर्छ ।

**नेपाली पत्रपत्रिकामा फोटोको दुरुपयोग भएको पनि पाइन्छ। श्रीषा कार्कीको आत्महत्या प्रकरण यसको एउटा उदाहरण हो। फोटोमा आचारसंहिताको पालना कम हुने गरेको हो कि ? के छ तपाईंको धारणा ?**

साधारणतया फोटो खिच्ने क्रममा फोटो पत्रकारहरूले पालना गर्नुपर्ने आचारसंहिताको पालना हुने गरेको छ । निजी क्षेत्रमा तस्बिर खिच्नुअघि अनुमति लिने, तस्बिरको प्रयोजन प्रस्टचाउने गरिन्छ । तर तस्बिरहरू छापिने क्रममा संवेदनशीलताको अभावले फोटो दुरुपयोग गरिएका अवस्था पनि छन् ।

श्रीषा कार्की आत्महत्या प्रकरणबारे भन्नुपर्दा उक्त तस्बिर कुनै फोटो पत्रकारले खिचेको थिएन । उक्त तस्बिर आपराधिक नियतले ब्ल्याकमेल गर्न खिचिएको थियो र तस्बिर छाप्ने बेला सम्पादकले आवश्यक संवेदनशीलता अपनाएको पाइएन ।

समग्रमा भन्दा तस्बिर खिच्ने क्रममा समस्या त्यति देखिएको छैन तर तस्बिर प्रकाशन गर्ने क्रममा चाहिँ समस्याहरू देखिएका छन् ।

**यस्तो समस्यालाई कसरी समाधान गर्न सकिएला त ?**

सबभन्दा मुख्य कुरा त फोटो पत्रकार र सम्पादकहरूले नै यस समस्यालाई संवेदनशील हिसाबले लिनुपर्छ अर्थात् फोटो छापिएपछि त्यसबाट पर्न सक्ने सम्भावित असरबारे विश्लेषण गरेर मात्रै छाप्ने निर्णय गर्नुपर्छ । लक्षित पाठकबारे पनि विचार गरिनु जरुरी छ जसले गर्दा कसलाई के विभत्स, अश्लील लाग्न सक्छ भन्ने कुरामा विवेकको प्रयोग हुनु जरुरी छ। त्यसबाहेक प्रेस स्वतन्त्रतालाई आघात नपर्ने गरी आचारसंहिता, नियम, कानुनको निर्माण र पालना हुनु पनि आवश्यक देखिन्छ।

**फोटो पत्रकारहरूले बेलाबेलामा फोटो प्रदर्शनी गरेको पाइन्छ। यसबाट उनीहरूको पेशागत जीवनमा के फाइदा पुग्छ होला ?**

फोटो प्रदर्शनीहरूले फोटो पत्रकारको व्यावसायिक तथा पेशागत जीवनमा धेरै नै फाइदा पुगेको हुन्छ । प्रकाशन हुने मौका नपाएका कतिपय उत्कृष्ट तस्बिरहरू प्रदर्शनीमार्फत नै पाठक र दर्शक समक्ष पुग्ने गर्छन् । यस्ता प्रदर्शनीका क्रममा

फोटो पत्रकारहरूले आफूले खिचेका तस्बिरबारेको प्रतिक्रिया तुरुन्त थाहा पाउन सम्भव हुन्छ ।

**फोटो पत्रकारले खिचेका फोटोहरूको व्यवस्थित सङ्ग्रह (अर्काइभिङ) कसरी भइरहेको छ ? पुरानो फोटो खोज्नु परेमा के गर्न सकिन्छ ?**

फोटो पत्रकारहरूले खिचेका तस्बिरहरूको सङ्ग्रह दुई तरिकाले भइरहेको छ । पहिलो, आफू काम गर्ने प्रकाशन संस्थाले नै पिक्चर लाइब्रेरियनमार्फत विभिन्न विषयअनुसार फोटोको सङ्ग्रह राख्ने गरिएको छ । अर्को, फोटो पत्रकारले नै मिति र विषय छुट्टयाएर राख्ने गरेका छन् । तर एकदम व्यवस्थित ढङ्गले राख्न नसकिएकाले पुरानो फोटो खोज्न ठूलै समस्या परेको पनि छ । तथापि नयाँ प्रविधिले गर्दा कम्प्युटरमार्फत डिजिटल तस्बिरहरू खोज्ने प्रक्रिया भने सजिलो भएको छ ।

**तपाईं पत्रकारिताको औपचारिक अध्यापन गराउने र तालिम दिने दुवै थरी निकायमा फोटो पत्रकारिताबारे पढाउनु हुन्छ । यस्ता पाठचक्रममा फोटो पत्रकारितालाई कत्तिको प्राथमिकता दिएको पाउनुभएको छ ? आउँदो पुस्ताबाट कति आशावादी हुनुहुन्छ ?**

फोटो पत्रकारिताको अध्यापनको बारेमा भने पहिला पहिला पत्रकारिताको एउटा सानो पाटो भनेर खालि परिचयात्मक जानकारी मात्र दिने गरिएको थियो । तर हाल ५/६ वर्षदेखि फोटो पत्रकारितालाई महत्त्व दिँदै प्राज्ञिक ढङ्गले पाठचक्रम बनाएर बढी क्रेडिट आवर छुट्टयाउने गरिएको पाइन्छ । आउँदो पुस्ताबाट फोटो पत्रकारितामा व्यावसायिकताको झन् बढी वृद्धि हुने आशा राख्ने ठाउँहरू छन् ।

**तपाईं राष्ट्रिय फोटो पत्रकार समूहको अध्यक्ष पनि हुनुहुन्छ । के गर्छ यो संस्थाले ? गठन भएको दस वर्षमा यसले गरेका उल्लेख्य काम के के हुन् ? अबको योजना के छ ?**

राष्ट्रिय फोटो पत्रकार समूह (नेसनल फोरम अफ फोटो जर्नालिस्ट) फोटो पत्रकारिता क्षेत्रमा कार्यरत सक्रिय फोटो पत्रकारहरूको हक, हित र व्यावसायिक अभिवृद्धिको लागि क्रियाशील संस्था हो । यसले हरेक वर्ष प्रेस फोटो प्रतियोगिता र प्रदर्शन गर्ने गरेको छ । फोटो पत्रकारितासम्बन्धी कार्यशाला, गोष्ठी र तालिमहरू पनि समय समयमा गर्ने गरेको छ । फोटो पत्रकारहरूलाई समस्या

आउने कुनै पनि विषयमा सामूहिक रूपले आवाज उठाउने गरेको छ । यसको शाखा पोखरा र वीरगञ्जमा पनि छ ।

भविष्यमा प्रेस फोटो प्रतियोगिता र प्रदर्शनी अझ बढी स्तरीय ढङ्गले गर्ने र त्यसमार्फत स्वस्थ प्रतिस्पर्धात्मक प्रक्रियाको विकास गर्ने यस समूहको योजना छ । त्यसबाहेक विदेशी फोटो पत्रकारहरूसँग फोटो तथा सीपको आदानप्रदान गर्ने कार्यक्रम पनि गरिनेछ । यस्तो कार्यक्रममार्फत प्रविधिमा भएका परिवर्तनबारे नेपाली फोटो पत्रकारलाई आत्मसात गराउनुका साथै प्राज्ञिक ज्ञानको अभिवृद्धि गराउने उद्देश्य हामीले लिएका छौँ ।

**पत्रकारका विभिन्न संस्था पनि नेपाल पत्रकार महासङ्घको सदस्य बन्न पाउने प्रावधान छ । राष्ट्रिय फोटो पत्रकार समूह किन महासङ्घको सदस्य नबनेको हो ?**

नेपाल पत्रकार महासङ्घसँग आबद्ध भएर सदस्य बन्ने कार्य राष्ट्रिय फोटो पत्रकार समूहले अहिलेसम्म गरेको छैन । नेपाली पत्रकारका विभिन्न सङ्घसंस्थाहरू कुनै न कुनै रूपमा राजनीतिक दलहरूसँग टाढा या नजिक छन् । तर यो समूहले आफूलाई दलीय राजनीतिको प्रभावबाट मुक्त राख्दै पूर्ण व्यावसायिक फोटो पत्रकारिताको विकास र प्रवर्द्धन गर्न चाहन्छ । यद्यपि विषय र सन्दर्भ हेरेर विभिन्न संस्थाहरूसँग सहकार्य भने गरेकै छौँ ।